नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग

बालुवाटार, काठमाडौं,
फोन नं.: १५७
फ्याक्स : ९७७ १ ४४४१०५०
E-mail : nrbcmd@nrb.org.np
Website: www.nrb.org.np
पोष्ट बक्स : ३५९

प.सं: मु.आ.प्र./प्र.का./ /०७८/७९

मिति: २०७८/०६/०६

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु,
काठमाडौं ।

विषय: नोटको हिफाजतपूर्ण तरीकाले प्रयोग गर्ने सम्बन्धी सूचना जारी गर्ने सम्बन्धमा ।

महाशय,

त्यस बैंकमा सेवा लिन आउने सर्वसाधारण सेवाग्राहीले स्पष्ट देख्ने गरी आफ्ना सबै सटही काउण्टरहरु (Exchange Points) मा संलग्न बमोजिमको **नोटको हिफाजतपूर्ण तरीकाले प्रयोग गर्ने सम्बन्धी सूचना** टाँस गरी सर्वसाधारण सेवाग्राहीमा नोटको हिफाजत सम्बन्धी सचेतना गराउने कार्य गर्न गराउन हुन सहयोगको लागि अनुरोध छ ।

भवदीय,

(रेवतीप्रसाद नेपाल)
कार्यकारी निर्देशक

# नोटलाई जतनसाथ प्रयोग गर्ने सम्बन्धी

# नेपाल राष्ट्र बैंकको अनुरोध

- नोट हाम्रो सम्पत्ति हो, नोट सभ्यताको प्रतीक हो, नोटलाई जतनसाथ प्रयोग गरौं ।
- नोटको जतन गर्न मनीब्यागको प्रयोग गर्ने बानी बसालौं ।
- नोटमा केरमेट नगरौं, नोटलाई मैलो पार्ने कुनै काम नगरौं, सुकिला नोटको प्रयोग गर्ने बानी बसालौं ।
- कारोबारको भुक्तानी दिँदा यथाशक्य विद्युतीय माध्यम, कार्ड वा ई-वालेटको प्रयोग गरौं ।
- नोटमा टाँचा वा स्टिच लगाउँदा नोट च्यातिने तथा स्टिच निकाल्न गाह्रो हुने र नोटको आयुसमेत घट्ने हुँदा यस्तो कार्य बन्द गरौं ।
- धार्मिक अनुष्ठान वा सामाजिक कार्य गर्दा नोटमा रङ, पानी, दुध, रगत आदि नपारौं । बरु खामको प्रयोग गर्ने, दान पेटिकामा खसाल्ने वा रसिद लिई चन्दा दिने गरौं ।
- भुक्तानी कारोबार गर्दा जाली वा शंकास्पद नोटहरू पाइएमा नजिकको नेपाल राष्ट्र बैंकको कार्यालय वा अन्य बैंक तथा वित्तीय संस्थामा दाखिला गरौं वा जानकारी दिऔं ।